## बैठक नं. २३

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिको बैठक आज मिति २०८३।०४।०७ गते बिहिबार, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटमा देहायको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट : अध्यक्ष

श्री बुद्धि सागर पुरी, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोटः सदस्य

श्री दिलिपकुमार सोनी, निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जाजरकोटः सदस्य

श्री डा. सुनिल पुन, कार्यालय प्रमुख, स्वास्थ्य सेवा कार्यालय, जाजरकोटः सदस्य

श्री भुपेन्द्र जंग शाही, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटः सदस्य सचिव

**आमन्त्रितः**

श्री धर्मबहादुर बुढा, निमित्त श्रेस्तेदार, जाजरकोट जिल्ला अदालत

श्री कृष्णराम धिताल, वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय, जाजरकोट

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

श्री सुधिरकुमार खड्का, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

श्री मिमबहादुर रोकाया, प्रहरी सहायक हवल्दार, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

विषयहरु

१ आ.व. २०८२।०८३ को सरकारवादी मुद्दा र प्रतिरक्षा मुद्दाको काम कारबाहीको समिक्षा सम्बन्धमा ।

२ घा जाँच केश फारम, यौनजन्य हिंसामा शारीरिक परीक्षण प्रतिवेदन र शव परिक्षण प्रतिवेदन प्राप्ति सम्बन्धमा ।

३ आ.व. २०८२।०८३ को जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिबाट भएका वैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।

४ भौतिक तथा अभौतिक प्रमाणको परीक्षण प्रतिवेदन समयमै प्राप्त गर्ने समन्वय गर्ने सम्बन्धमा।

५ भिडियो कन्फ्रेन्सिङ मार्फत साक्षीको वकपत्र गराउनको लागि आवश्यक समन्वय गर्ने सम्बन्धमा।

निर्णयहरु:

१) विषय नं १ को सम्बन्धमा छलफल गर्दा आ.व. २०८२।०८३ मा जिल्ला प्रहरी कार्यालय जाजरकोट, डिभिजन वन कार्यालय जाजरकोटबाट अनुसन्धान भएका, जिल्ला सरकारी वकील कार्यालय जाजरकोटबाट अभियोजन गरिएका, सजाय छुटको मागदावी ,लिइएका, पीडित प्रभाव प्रतिवेदन पेश गरिएका, अन्तरिम क्षतिपूर्तिको मागदावी लिइएका, मुद्दा चल्ने नचल्ने निर्णय भएका, मिलापत्र र तामेली निर्णय भएका तथा जाजरकोट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय जाजरकोट र डिभिजन वन कार्यालय जाजरकोटमा दायर भएका तथा मुद्दा हेर्ने अधिकारी र जाजरकोट जिल्ला अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरुको काम कारबाही सम्बन्धमा समिक्षा गरी प्रभावकारी रुपमा अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्ने निर्णय गरियो ।

२) विषय नं २ को घा जाँच केश फारम, यौनजन्य हिंसामा शारीरिक परीक्षण प्रतिवेदन र शव परिक्षण प्रतिवेदन प्राप्ति सम्बन्धमा छलफल गर्दा समयमै यी प्रतिवेदनहरु प्राप्त नहुँदा प्रतिवादीको बयान र कानूनको विवादमा परेका बालबालिकाहरुसँग सोधपुछ गर्न तथा पीडितको कागज गराउनमा समेत समस्या हुँदा अनुसन्धानमा समेत प्रभाव पार्ने भएकाले स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा परिक्षण गरिएका यी प्रतिवेदनहरु परिक्षण गरिएको तीन दिन भित्र अनुसन्धान गर्ने निकाय प्रहरी कार्यालयमा प्राप्त हुने व्यवस्थाका लागि सम्बन्धित चिकित्सकबाट यी प्रतिवेदनहरु अँग्रेजी सँगै सरल नेपाली भाषामा समेत उल्लेख गरी प्राप्त गर्नका लागि स्वास्थ्य सेवा कार्यालय जाजरकोटबाट आवश्यक पहल हुनका लागि अनुसन्धान गर्ने निकाय प्रहरीले स्वास्थ्य सेवा कार्यालय जाजरकोट र अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो।

३) विषय नं ३ को आ.व. २०८२।०८३ को जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिबाट सम्पन्न ४ वटा वैठकमा भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरी सरकारवादी मुद्दा र नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने मुद्दाहरुको काम कारबाही प्रभावकारी बनाउन समन्वय समितिबाट निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

४) विषय नं ४ को भौतिक तथा अभौतिक प्रमाणको परीक्षण प्रतिवेदन समयमै प्राप्त गर्न समन्वय गर्ने सम्बन्धमा छलफल गर्दा जबरजस्ती करणी लगायत विभिन्न मुद्दाहरुमा भौतिक तथा अभौतिक प्रमाणको परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला लगायतमा पठाइएका परीक्षण प्रतिवेदनहरु प्राप्तीका लागि जाजरकोट जिल्ला अदालतबाट विभिन्न मुद्दाहरुमा ताकेता हुँदै आएकोमा परीक्षण प्रतिवेदनहरु समयमै प्राप्त नहुँदा मुद्दाको फैसला हुनमा समेत असर पर्ने भएकाले विधि विज्ञान प्रयोगशाला र डिजिटल फरेन्सिक ल्याब सहित विभिन्न निकायहरुमा परिक्षणका लागि पठाएका प्रतिवेदनहरु समयमै प्राप्त गर्न अनुसन्धानकर्ता निकायले सम्बन्धित परिक्षण प्रतिवेदन प्राप्त गर्नुपर्ने निकायहरुसँग प्रभावकारी रुपमा समन्वय गर्ने निर्णय गरियो ।

५) विषय नं ५ को भिडियो कन्फ्रेन्सिङ मार्फत साक्षीको वकपत्र गराउनको लागि आवश्यक समन्वय गर्ने सम्बन्धमा छलफल गर्दा सरकारवादी मुद्दाहरुका विशेषज्ञ, प्रतिवेदक ,र साक्षी अदालत र मुद्दा हेर्ने अधिकारीले वकपत्र तोकिएको दिन विविध कारणले उपस्थित हुन सम्भव नदेखिएको अवस्थामा सम्बन्धित अदालत र मुद्दा हेर्ने अधिकारीलाई सरकारी वकील कार्यालय मार्फत उपस्थित हुन भनी पत्राचार गरिएका विशेषज्ञ, प्रतिवेदक र साक्षीको वकपत्र हुनु भन्दा कम्तिमा एक दिन अगाडि भिडियो कन्फ्रेन्सिङ मार्फत वकपत्र सम्पन्न गर्नका लागि मुद्दा हेर्ने अधिकारी जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय र जाजरकोट जिल्ला अदालतलाई पत्राचार र समन्वय गरिएको अवस्थामा भिडियो कन्फ्रेन्सिङ मार्फत साक्षीको वकपत्र सम्पन्न गराउनका लागि ती निकायहरुलाई आवश्यक व्यवस्थापन गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

२०८२।४।६